फोन नं.०९१५८०१०१

भजनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भजनी, कैलाली,

७ नं. प्रदेश, नेपाल

भजनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय भजनी, कैलाली ७ नं. प्रदेश, नेपाल २०७३

## सिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०७५।०६।२९)

यस भजनी नगरपालिका अन्तर्गत पर्ने तपसिल बमोजिमको माछा तालको ठेक्का अवधि समाप्त भई नयां ठेक्का बन्दोबस्त गर्न यस न.पा.को मिति २०७५।०६।२६गतेको निर्णय अनुसार देहाय बमोजिमका शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धीत सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि. नं. | ठेक्का नं. | तालको नाम | ठेगाना | न्यूनतम कायम प्रति बर्ष, अंक रु. | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०१।२०७५-०७६ | भखारी ताल | भजनीन.पा.९पहलवान | ३,५०,०००।- | १,०००।- | |
| २ | ०२।२०७५-०७६ | दिदि बहिनी ताल | भजनीन.पा.९भुरुवा | १,००,०००।- | १०००।- | |
| ३ | ०३।२०७५-०७६ | चुट्हिवा ताल | भजनीन.पा.९हिमतपुर | १०,०००।- | १०००।- | |
| ४ | ०४।२०७५-०७६ | ढोगरहुवा ताल | भजनीन.पा.९पचमुडिया | ३,५०,०००।- | १०००।- | |
| ५ | ०५।२०७५-०७६ | रुपिया,नुक्ली र सोनिया ताल | भजनीन.पा.९डोगपुर | १८,००,०००।- | १०००।- | |
| ६ | ०६।२०७५-०७६ | घोरताल , गिदनिया ताल | भजनीन.पा.९पचमुडिया | १८,००,०००।- | १०००।- | |

***शर्तहरु :-***

१.बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले **१५** औं दिन कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखाबाट नगद तिरी(फिर्ता नहुने गरी) खरिद गरी **१६** औं दिन दिनको १२:०० बजे सम्म भजनी नगरकार्यपालिकाको कार्यालयमा दर्ता गर्न सकिनेछ । उक्त बोलपत्रहरु सोही दिन दिनको २:०० बजे भजनी स्थित सरकारी कार्यालयका प्रतिनिधि र शिलबन्दी बोलपत्र दाताहरुको रोहवरमा नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

२.शिलबन्दी बोलपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमश : लगत्तै कार्यालय खुलेको दिनमा हुनेछ ।

३.व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र संघ, संस्थाको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपित आ.व.२०७४/०७५ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी , अनिवार्य रुपमा संलग्न राख्नु पर्नेछ ।

४.शिलबन्दी बोलपत्रको खाम बाहिर यस भजनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित ताल ठेक्काको नाम लेखि बोलपत्र दाताको नाम र ठेगाना पनि उल्लेख गर्नुपर्ने छ ।

५.बोलपत्र दाताले कबोल गरेको दररेट अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६.तालठेक्का प्रक्रियामा भाग लिन चाहने बोलपत्रदाता नगरपालिकाले निर्धारण गरेको रकमको नेपाली नागरिक भए ५ प्रतिशत र विदेशी नागरिक भएमा १० प्रतिशत धरौटी रकम यस नगर कार्यपालिकाको कार्यालयको नाममा रा.बा. बैंक भजनी शाखामा रहेको धरौटी खाता नं.४१५०३०३००७१०२मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखि पेश गर्नुपर्नेछ ।

७.ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र कबोल रकम एक बर्ष बराबरको एकमुष्ट बुझाउनु पर्नेछ ।

८.ताल ठेक्काको अवधि २०७५ साल मंसिर देखी २०८० साल कार्त्तिक मसान्त(५)बर्ष सम्महुनेछ ।तर अन्तिम बर्षको हकमा ३(तिन)महिना माघ मसान्त सम्म माछा खाली गर्नु पर्नेछ र थप तिन महिनाको रकम एक बर्षको रकमा दामा शाहीले हुना आउने थप रकम तिर्नु पर्नेछ, ताल खाली गर्ने थप समय नलिएमा थप रकम तिर्नु पर्ने छैन ।

९.बोलपत्रदाताले कबोल गरेको रकममा बार्षिक १० प्रतिशतका दरले वृद्धि हुनेछ ।

१०.नगर कार्यपालिकालाई तिर्नुपर्ने सम्पूर्ण कर, दस्तुर, पुरानो बक्यौता रकम बुझाएको हुनुपर्नेछ ।

११.म्याद नाघी आएको, रित नपुगेको, शर्त राखिएको सिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१२.पेश भएको सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३.यसमा उल्लेख नभएको विषयको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ एवं प्रचलित कानून बमोजिम हुनेछ ।

१४.बोलपत्रका सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयबाट कार्यालय समय भित्र बुझ्न सकिनेछ ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत